गण्डकी प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय पोखरा, नेपाल

पत्र संख्याः ८०।८१

मितिः २०८०।०४।०१

चलानी नं.: ०१

**विषय: आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

प्रिय सहकारीज्यू,

गण्डकी प्रदेश सभाबाट गण्डकी प्रदेश विनियोजन ऐन, २०८० पारित भई प्रमाणीकरण भइसकेको बेहोरा अवगत गराउँदै आर्थिक वर्ष २०८०/८१ का लागि तहाँ मन्त्रालय/सचिवालय/आयोग र अन्तर्गत निकायमा विनियोजित रकम प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट पुरा हुने छ भन्ने विश्वास लिएको छु। समग्र वित्तीय अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिका लागि बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न गण्डकी प्रदेश विनियोजन ऐन, २०८०, गण्डकी प्रदेश आर्थिक ऐन, २०८०, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९, बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७ लगायत प्रचलित कानूनी व्यवस्था अनिवार्य रुपमा परिपालन गर्नु/गराउनु हुनेछ भन्ने विश्वासका साथ गण्डकी प्रदेश विनियोजन ऐन, २०८० को दफा ८ को उपदफा (४) बमोजिम बजेट कार्यान्वयनको सन्दर्भमा यो मार्गदर्शन प्रेषित गरेको छु।

आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु गराउनु हुनेछ।

**(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System- PLMBIS) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले बजेट कार्यान्वयन गर्ने सम्बन्धित निकायलाई बजेट निकासा गर्नेछन्।

२. आर्थिक वर्ष २०८०/८१ को लागि स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति नलिई विनियोजित रकम भन्दा बढी दायित्व सृजना गर्नु हुने छैन। स्वीकृत बजेट भन्दा बढी दायित्व सृजना हुने गरी कार्यक्रम

प्रशासन तथा योजना महाशाखा
फोनः ०६१-४६७९३०
फ्याक्सः ०६१-४६७८८०

वित्त व्यवस्थापन तथा आर्थिक नीती विश्लेषण महाशाखा
फोनः ०६१-४६७६९६, ४६७६९८

बजेट तथा कार्यक्रम महाशाखा
फोनः ०६१-४६७६९६

E-mail: mof@gandaki.gov.np
info@moeap.gandaki.gov.np | Website: mof.gandaki.gov.np

पत्र संख्याः

चलानी नं.ः

कार्यान्वयन गरेमा त्यसरी सृजना गरिएको दायित्वप्रति सम्बन्धित अधिकारी नै जिम्मेवार हुनुपर्नेछ। आर्थिक मामिला मन्त्रालयबाट त्यस्तो दायित्व बापतको रकम निकासा हुने छैन।

३. कुनै विषयगत मन्त्रालय वा निकायको स्वीकृत वार्षिक कार्यक्रम अर्को मन्त्रालय वा निकायबाट कार्यान्वयन गर्नुपर्ने भएमा कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालय वा निकायको पूर्व सहमति लिई माघ मसान्तभित्रै गण्डकी प्रदेश विनियोजन ऐन, २०८० को दफा ५ उपदफा (४) बमोजिम आर्थिक मामिला मन्त्रालयमा सहमतिको लागि लेखी पठाउनु हुनेछ।

४. कुनै निकायमा एकभन्दा बढी इकाईबाट खर्च गर्ने गरी कुनै कार्यक्रममा एकमुष्ट रकम विनियोजन भएको भए गण्डकी प्रदेश विनियोजन ऐन, २०८० को दफा ७ उपदफा (३) बमोजिम बाँडफाँट गरी २०८० असोज मसान्तभित्र स्वीकृतिका लागि आर्थिक मामिला मन्त्रालयमा पठाउनु हुनेछ।

५. नेपाल सरकारबाट सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान अन्तर्गत प्राप्त कार्यक्रम तथा आयोजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुहुनेछ। त्यस्ता अनुदानमा सञ्चालित कार्यक्रम तथा आयोजनाको छुट्टै प्रगति प्रतिवेदन पेश गर्नुहुनेछ।

६. स्वीकृत कार्यक्रमको त्रैमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा वार्षिक लक्ष्य नघट्ने गरी सम्बन्धित निकायले एक तहमाथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ। तर, राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी प्रमुख भएको निकायमा निजले त्रैमासिक विभाजनलाई संशोधन गर्न बाधा पुगेको मानिने छैन।

७. प्रदेश सरकारलाई थप आर्थिक दायित्व सृजना हुने जुनसुकै विषयमा निर्णय गर्दा आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति लिनुहुनेछ।

८. प्रदेश सरकारबाट अनुदान प्राप्त गर्ने संघ/संस्था वा निकायले आम्दानी/खर्चको विवरणसहितको प्रतिवेदन सम्बन्धित मन्त्रालयमा पेश गर्ने व्यवस्था मिलाई सार्वजनिक गर्नुहुनेछ।

पत्र संख्याः

चलानी नं.:

९. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने चालु खर्च) र ३१५११ (भैपरी आउने पुंजीगत खर्च) मा विनियोजित बजेट आर्थिक मामिला मन्त्रालयबाट कार्यक्रम बाडफाँटको स्वीकृति लिई कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित खर्च शीर्षकबाट मात्रै खर्च गर्नुहुनेछ।

**ख. खर्चमा मितव्ययिता अपनाउने सम्बन्धमाः**

१०. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामाग्री खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाई स्वीकृत खर्चको मापदण्ड अनुसार खर्च गर्नुहुनेछ।

११. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा मात्र अधिकतम मितव्ययी हुने गरी कार्यक्रम आयोजना गर्नुहुनेछ।

१२. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका सामग्री खरिद नगरी मौजुदा सामाग्रीको मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक साबिकको कार्यालयको लागि थप फर्निचर तथा फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अबलम्बन गर्नुहुनेछ।

१३. कार्यालय प्रयोजनका लागि प्रयोगमा नरहेका सरकारी भवनलाई प्राथमिकता दिई प्रयोग गर्नुहुनेछ। सरकारी भवन उपलब्ध हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्ग भन्दा अन्यत्र आधारभूत सुविधा भएको घर बहालमा लिने प्रबन्ध गर्नुहुनेछ।

१४. चालु आर्थिक वर्षमा सरकारी सवारी साधन खरिद नगर्ने नीति कार्यान्वयन गर्नु गराउनु हुनेछ।

१५. सेवा करारमा कर्मचारी लिंदा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९, गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ लगायतका प्रचलित कानुनको पूर्ण पालना गर्नु गराउनु हुनेछ।

प्रशासन तथा योजना महाशाखा
फोनः ०६१-४६७९३०
फ्याक्सः ०६१-४६७८८०

वित्त व्यवस्थापन तथा आर्थिक नीती विश्लेषण महाशाखा
फोनः ०६१-४६७६९६, ४६७६९८
E-mail: mof@gandaki.gov.np
info@moeap.gandaki.gov.np | Website: mof.gandaki.gov.np

बजेट तथा कार्यक्रम महाशाखा
फोनः ०६१-४६७६९६

गण्डकी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
पोखरा, नेपाल

पत्र संख्याः

चलानी नं.:

**(ग) रकमान्तर / खर्च गर्ने अखितयारी सम्बन्धमाः**

१६. अनिवार्य दायित्वका तलब, पारिश्रमिक, भत्ता, पोशाक, पानी तथा बिजुली, सञ्चार महसुल, खाद्यान्न, घरभाडा लगायतका खर्च शीर्षकमा विनियोजित रकम अन्यत्र रकमान्तर गर्न पाइने छैन। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१७. पुँजीगत खर्च शीर्षकमा विनियोजन गरिएको रकम चालु खर्चतर्फका शीर्षकमा रकमान्तर गर्नुहुने छैन।

१८. गण्डकी प्रदेश विनियोजन ऐन, २०८० को दफा ३ उपदफा (५) बमोजिम बहुवर्षीय आयोजनामा विनियोजन भएको रकम अन्य बहुवर्षीय आयोजनामा बाहेक अन्यत्र रकमान्तर गर्नुहुनेछैन।

१९. प्रचलित कानुन बमोजिम प्रदेश सरकारको दायित्व सृजना भएका खर्च शीर्षकमा रकम अपुग भएमा बचत हुने खर्च शीर्षकबाट गण्डकी प्रदेश विनियोजन ऐन, २०८० बमोजिम रकमान्तर स्वीकृतीको लागि आर्थिक मामिला मन्त्रालयमा पेश गर्नुहुनेछ।

२०. रकमान्तर प्रस्ताव गर्दा PLMBIS मा प्रविष्टी गरी आर्थिक मामिला मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा रकमान्तर माग गर्नुहुनेछ।

२१. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७ को दफा ५ उपदफा (५) बमोजिम लागत अनुमानको कम्तीमा २० प्रतिशत रकम विनियोजन भएका आयोजना वा कार्यक्रमलाई बहुवर्षीय आयोजनाको लागि प्रस्ताव गर्नु परेमा प्रथम त्रैमासिक अवधिभित्र आर्थिक मामिला मन्त्रालयबाट पूर्व स्वीकृति लिई प्रस्ताव गर्नुहुनेछ।

**(घ) आयोजना तथा कार्यक्रम कार्यन्वयन सम्बन्धमा**

२२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १८ उपदफा (३), बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ३ बमोजिम वार्षिक कार्ययोजनाका साथै बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८० को दफा ३२ उपदफा (३) बमोजिमको समयसारिणी तयार गरी कार्यान्वयन गर्नुहुनेछ।

प्रशासन तथा योजना महाशाखा
फोनः ०६१-४६७९३०
फ्याक्सः ०६१-४६७८८०

वित्त व्यवस्थापन तथा आर्थिक नीती विश्लेषण महाशाखा
फोनः ०६१-४६७६९६, ४६७६९८
E-mail: mof@gandaki.gov.np
info@moeap.gandaki.gov.np | Website: mof.gandaki.gov.np

बजेट तथा कार्यक्रम महाशाखा
फोनः ०६१-४६७६९६

गण्डकी प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

पोखरा, नेपाल

पत्र संख्याः

चलानी नं.:

२३. आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि थप कार्यविधि, निर्देशिका तथा मापदण्ड तर्जुमा वा संशोधन गर्नुपर्ने भएमा भदौ १५ गतेभित्र सम्पन्न गर्नुहुनेछ। आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति र संरचना सहितको व्यवस्था मिलाउनु हुनेछ।

२४. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ संशोधन गर्नुपर्ने भएमा संशोधनको कारण र औचित्य सहित सम्बत् २०८० भाद्र मसान्तभित्र आर्थिक मामिला मन्त्रालयमा प्रस्ताव गर्नुहुनेछ।

२५. वार्षिक विकास कार्यक्रममा समावेश भएका आयोजना तथा कार्यक्रम, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४, सार्वजनिक खरिद सम्वन्धी प्रदेश नियमावली, २०७६ को प्रकृया पुरा गर्दै २०८० कात्तिक मसान्तभित्र ठेक्का सम्झौता गरी कार्य सुरु गर्न कार्यदिश दिने व्यवस्था मिलाउनु हुनेछ।

२६. सालबसाली आयोजना तथा कार्यक्रमको ठेक्का सम्झौता गर्दा सम्बत् २०८१ असार १५ गते भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता गर्ने व्यवस्था मिलाई आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३० बमोजिम भुक्तानीको व्यवस्था गर्नु गराउनु हुनेछ।

आर्थिक वर्ष २०८०/८१ को बजेट सम्बद्ध प्रकाशन आर्थिक मामिला मन्त्रालयको वेबसाईट https://mof.gandaki.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

श्री प्रदेश सचिव, सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,
गण्डकी प्रदेश।

(विष्णुप्रसाद शर्मा)
प्रदेश सचिव

**बोधार्थः**

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठ्माण्डौ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठ्माण्डौ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश।